गजुरी गाउंपालिका

# गाउं कार्यपालिकाको कार्यालय

गजुरी, धादिङ

वागमती प्रदेश, नेपाल ।

## शिलवन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७९/०७/२१

यस गाउंपालिकाको बिभिन्न दुर्गम स्थानहरुमा सोलार निर्माण तथा जडान कार्य यस आ.ब. २०७९/०८० मा बोलपत्रद्वारा गर्नु पर्ने भएकोले योग्य , मान्यता प्राप्त तथा सम्बन्धित कार्यमा अनुभवी बोलपत्रदाताहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्बकको शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्र प्रथम पटक प्रकाशित मितिले ३० औं दिन सम्म यस कार्यालयमा तपशिलमा उल्लेख गरे बमोजिमको नगद रकम (पछि फिर्ता नहुने गरी) बुझाएको नगदी रसिद वा यस कार्यालयको खाता नं. १०५०१००३०१०१०००२ मा जम्मा गरेको भौचर , आ.व. ०७९/०८० को लागि नविकरण भएको इजाजत पत्र र आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण पत्र आ.व.०७८/०७९ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु र स्वघोषणा पत्र संलग्न राखी इच्छुक इजाजत प्राप्त निर्माण व्यावसायीले तेकिएको समयभित्र रित पुर्वक e-bidding को माध्यमद्धारा बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. खरिद भएका बोलपत्रहरुको प्रत्येक आइटम प्रस्टसंग भरी, बोलपत्रदाताले सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजे सम्म e-bidding को माध्यमद्धारा पेश गर्न सकिनेछ ।

३. बोलपत्र फारमसाथ धरौटी वापत तल उल्लेखित जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक गजुरी शाखामा रहेको धरौटी खाता नं.१०५०१००३०३००००२ मा रकम जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा शिलबन्दी वोलपत्र पेश गर्ने अन्तिम मिति देखि ९० दिन म्याद भएको, मान्याता प्राप्त बैंकबाट बैंक ग्यारेन्टी (विड वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ ।

४. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्वन्धमा राम्रोसंग बुझी, हेरी साइट निरीक्षण गरी बोलपत्र भरेको मानिने छ ।

५. वोलपत्रदाताले आफूले कबोल गरेको अंक मुल्य अभिवृद्धि कर वाहेकको हुनु पर्नेछ । मुल्य अभिवृद्धि करको रकम समेत एकमुष्ट भुक्तानी गरिने छ ।

६. वोलपत्रदाताको वोलपत्र स्वीकृत भएपछि स्वीकृत अंकको पांच प्रतिशतले हुने रकम वरावरको नगद, बैंक भौचर वा सो वरावरको कम्तीमा एक वर्षको लागि मान्य हुने बैंक जमानत (परफरमेन्स वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ ।

७. कार्यालयको हितलाई ध्यानमा राखी कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, नगर्ने, वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८. वोलपत्रमा आवश्यक कुनै शंसोधन गर्नु परेमा यस कार्यालयको सूचनापाटीमा सूचित गरिनेछ र गा.पा.को web site: www.gajurimun.gov.np मा समेत हेर्न सकिनेछ ।

९. प्रचलित ऐन नियम अनुसार लाग्ने सम्पुर्ण करहरु वोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

१०. सुचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा सार्वजनिक खरीद ऐन , २०६३ तथा सार्वजनिक खरीद नियमावली , २०६४ तथा गजुरी गाउपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ एवं अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१२. शिलबन्दी वोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो पछि कार्यालय खोलेको दिन माथि उल्लेख भएका समयमा बोलपत्र खरिद, दर्ता र खोल्ने काम हुनेछ ।

१३. यसमा लेखिएको हकमा यसै अनुसार र यस सुचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा सार्वजनिक खरीद ऐन , २०६३ तथा सार्वजनिक खरीद नियमावली , २०६४ एवं अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. वोलपत्र दाताहरुले e-bidding ( PPMO को web site , http:/bolpatra.gov.np ) को माध्यमबाट मात्र यस प्रक्रियामा भाग लिन सकिने छ ।

**कामको विवरण**

| सि.न | ठेक्का नं. | कामको विवरण | ल.ई रकम (मू.अ.कर र कन्टिन्जेन्सी बाहेक) | धरौटी रकम रु. | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | GRM/WORKS/NCB-01/079/080 | SUPPLY AND INSTALATION OF SOLAR STREET LIGHT | ५५,५०,४८०।०० | १,५०,०००।०० | ३०००।० |

प्रमुख प्रशासकीय अधिकृत

लाल बहादुर योगी
प्रमुख प्रशासकीय अधिकृत